# ग्राहकको हाते किताब
# २०१६




मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड

जहाँ गर्छ राष्ट्रले कारोबार

आइ.एस.ओ. ९००१:२००८ बाट मान्यता प्राप्त एक्सचेन्ज

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook
mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook
mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

# ग्राहकको हाते किताब

**महाशय / महाशया,**

मर्कन्टाईल एक्सचेन्ज नेपालमा कारोवार गर्नका लागि आधारभूत जानकारी तथा सूचना आवश्यक भएकोले मेक्सको सूचिकृत ग्राहक (पक्ष), सब-ब्रोकर, ब्रोकर तथा अन्य सरोकारवालालाई पक्षहरुको दर्ता र दर्ता प्रयोग बारे जानकारी गराउने यो “ग्राहक (पक्ष) को हाते किताब” उपलब्ध गराइएको हो ।

यो हाते किताबले तपाईलाई समष्टिगत रुपमा मेक्सको निति, नियम, निर्देशिका तथा तौरतरिकाबारे जानकारी गराउँछ। यसमा विषयवस्तु आधारभूत रुपमा ग्राहक (पक्ष) हरुलाई मेक्सको सम्वद्ध नियम र प्रकृयाहरु बारे जानकारी र सूचना समावेश गरिएको छ। हामीले यो हाते किताव मुख्य रुपमा मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेडको पक्षहरु, सब-ब्रोकर, ब्रोकरहरु तथा सदस्यहरुको हितका लागि सम्भव भएसम्म सूचना र जानकारी मूलक बनाउनका लागि सक्दो प्रयास गरेका छौं । हामी आशा गर्दछौं कि यो हाते निर्देशिका पक्ष (ग्राहक)हरु र मेक्समा दर्ता भएका सब-ब्रोकर, ब्रोकर र सदस्यका लागि सहयोगी सावित हुनेछ। मेक्स नेपाललाई विश्वस्तरको वस्तु विनिमयको स्थानमा ल्याईपुऱ्याउन तपाईको निरन्तर समर्थन, सहयोग र सहभागिताको अपेक्षा गर्दछौं ।

धन्यवाद

भवदीय,

**सोनु जैन**
महाप्रबन्धक
मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड ।

# आभार (कृतज्ञता)

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

यो हाते किताव यहाँ तल नाम उल्लेख गरिएको क्लियरिङ्ग हाउस तथा ग्राहक, सब-ब्रोकर, ब्रोकर र सदस्य को समर्थन र समर्पण नभएको भए प्रकाशन गर्न संभव हुने थिएन ।

हामी वहाँहरु सबैलाई यो “ग्राहकको हाते किताब” प्रकाशनमा पुऱ्याउनु भएको योगदानका लागि धन्यवाद र आभार व्यक्त गर्न चाहन्छौं ।

HCC Himalayan Clearing Corporation

साथसाथै हामी यो ग्राहकको हाते किताबको प्रकाशनलाई सफल पार्ने एक्सचेन्जका सबै विभाग तथा कर्मचारीहरुलाई पनि आभार र कृतज्ञता व्यक्त गर्दछौं ।

# विषय सूचि

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

१. ग्राहक (पक्ष) हुनको लागि चाहिने योग्यता ........ ४
२. ग्राहक (पक्ष) को रुपमा दर्ता हुन आवश्यक कागजातहरु ........ ४
३. ग्राहक (पक्ष) को रुपमा दर्ता हुने प्रक्रिया ........ ५
४. विशेष ग्राहक कोड ........ ६
५. कारोबारको प्रारम्भ ........ ६
६. कारोवार शुल्क र टि.डी.एस. ........ ६
७. वैंक खाता / ई-सेवा खाता सम्वन्धी ........ ७
८. निक्षेप कार्यविधि (प्रक्रिया) ........ ८
९. झिक्ने (निकाल्ने) प्रक्रिया........ ९
१०. गलत विवरण वा गलत निक्षेप ........ १०
११. मार्जिन कल ........ ११
१२. खाता रोक्का, खाता खुला र खाता (Trading Console) वन्द ........ १२
१३. पूँजिमा पर्ने प्रभाव (इकयूटि हिट) र घाटा........ १२
१४. सब-ब्रोकरलाई दिन सक्ने अधिकारहरु ........ १३
१५. उजुरी प्रक्रिया ........ १४
१६. परिपत्रहरु (जानकारी) ........ १४
१७. सिफारित सिस्टम कन्फिगुरेसन ........ १५
१८. कन्ट्राक्ट स्पेसिफिकेशन टर्म्स ........ १६
१९. मार्केट ओपन ग्याप ........ १७
२०. कारोबार स्थलमा हुने कारोवारमा अधिकतम विचलन ........ १८
२१. आदेश (माग) का प्रकार ........ १८
२२. FIFO परिसमापन (FIFO Liquidation) ........ १९
२३. अनलाइन सहयोग (Online Support) ........ २०
२४. अफलाइन सहयोग (Offline Support) ........ २०
२५. हकदार (वारेश) इच्छाएको व्यक्ति-ग्राहकको मृत्यु ........ २०
२६. भौतिक हस्तान्तरण हुने वस्तुमा कारोवार गर्न ........ २१
२७. गर्ने र नगर्ने ........ २१

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

## १. ग्राहक (पक्ष) हुनको लागि चाहिने योग्यता

- व्यक्तिको हकमा १८ वर्ष वा सो भन्दा माथिको उमेर पुगेको (व्यक्तिगत खाता)।
- दुई व्यक्तिहरुको लागि, दुवैको नाउँमा संयुक्त बैंक खाता भएको (संयुक्त खाता)।
- संस्थाको लागि (संस्थाको खाता)।

## २. ग्राहक (पक्ष) को रुपमा दर्ता हुन आवश्यक कागजातहरु

**क. व्यक्तिगत/संयुक्त ग्राहक (पक्ष)**

- ग्राहक दर्ता फारम (CRF)
- ब्रोकर - ग्राहक सम्झौता पत्र
- पहिचानको प्रमाण-पत्र (वैकल्पिक)
- ठेगानाको प्रमाण-पत्र
- बैंक खाता/ई-सेवा खाताको प्रमाण-पत्र
- स्वःप्रमाणित स्थायी लेखा नम्बरको प्रतिलिपि (यदि छ भने)
- संयुक्त ग्राहक (पक्ष) खाताको निम्ति, कुनै एक ग्राहकलाई व्यापार गर्न अधिकार दिइएको पत्र बुझाउनु आवश्यक छ।

**ख. संस्थागत ग्राहक**

- ग्राहक दर्ता फारम (CRF)
- ब्रोकर - ग्राहक सम्झौता पत्र
- सञ्चालक समितिको नाम, ठेगाना तथा उनीहरुको अंश (शेयर) को विवरण
- सञ्चालक समितिले माइन्यूट मार्फत् कम्पनीलाई ग्राहकको रुपमा दर्ता गरी हस्ताक्षरकर्ता अधिकृत गरेको आवेदन पत्र
- सञ्चालक समितिले हस्ताक्षरकर्ताको रुपमा व्यक्तिलाई अधिकृत गरिएको पत्र
- आधिकारिक व्यक्तिको पहिचानको प्रमाण-पत्र र ठेगानाको प्रमाण-पत्र
- कम्पनी दर्ताको प्रमाण-पत्र
- प्रबन्ध पत्र र नियमावली
- मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र
- कम्पनीको ठेगानाको प्रमाण-पत्र
- कम्पनीको बैंक खाता/ई-सेवा खाताको प्रमाण-पत्र

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

**गैह्र नेपाली आवेदक/ग्राहक:**

विदेशी नागरिक दर्ता प्रक्रियाका लागि आवश्यक थप कागजातहरु:

- आवेदकको देशले जारी गरेको पहिचान पत्र (नागरिकता, दर्ता पत्र, स्थायी लेखा नम्बर पत्र, रासन पत्र, मतदाता पत्र)
- आवेदकको राहदानी
- आवेदकको देशको राजदूतावासद्वारा प्रदान गरेको दर्ता पत्र

माथि उल्लेख गरेको विवरण मेक्सको वेबसाइट www.mexnepal.com बाट पनि हेर्न सक्नु हुन्छ ।

## ३. ग्राहक (पक्ष) को रुपमा दर्ता हुने प्रक्रिया

पक्षको रुपमा मेक्समा दर्ता हुनको लागि तल दिइएको दुई प्रक्रिया मध्ये कुनै पनि प्रक्रिया निवेदकहरुले अपनाउन सक्नेछन् :

**अफलाईनबाट पक्षले दर्ता गर्ने प्रक्रिया :** पक्षले ब्रोकरसँग रहेको वा मेक्स/सी. एच (क्लियरिङ्ग हाउस). को वेभसाइटमा उपलब्ध ग्राहक दर्ता फारम भर्नु आवश्यक छ। ग्राहकले भरेको त्यस्तो ग्राहक दर्ता फारम अन्य आवश्यक कागजात प्रमाणका साथ सम्बन्धित ब्रोकर कहाँ प्रक्रियाका लागि पठाउनु पर्नेछ ।

**अनलाईनबाट पक्षले दर्ता गर्ने प्रक्रिया :** पक्षले आफ्नो ब्रोकर अन्तर्गत् दर्ता हुनका लागि क्लियरिङ्ग हाउसको वेबसाइटबाट अथवा मेक्सको वेबसाईटबाट अनलाइन मार्फत् पनि निवेदन दर्ता गर्न सक्नेछन् ।

- हिमालयन क्लियरिङ्ग कर्पोरेशन प्रा.लि.का लागि http://www.hclearcorp.com

निवेदकहरुले अनलाईनमा फारम भर्न सक्नेछन् । सवै आवश्यक कागजातहरु अपलोड पनि गर्न सक्नेछन् ।

क्लियरिङ्ग हाउसको वेबसाईटमा "**Online Registration Form**" ट्याबमा क्लिक गरेपछि वेलकम पेजमा एक निर्देशिका **"Online Client Registration"** उपलब्ध गराईएको छ ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

## ४. विशेष ग्राहक कोड

रजिष्ट्रेशन/दर्ता पूरा भए पछि क्लियरिङ्ग हाउसले त्यस्तो ग्राहकलाई विशेष पक्षको ७ अंकको कोड ब्रोकरलाई प्रदान गर्नेछ। यो ग्राहकलाई प्रदान गर्ने विषेश कोड हो जुन अंकको अगाडिका ४ अंक ब्रोकरको कोड नै रहनेछ। उदाहरणका लागिः यदि ब्रोकर कोड ४००१ छ भने पक्षको कोड ४००१००१ हुनेछ।

ग्राहकको कोड प्राप्त भए पछि मात्र ग्राहकले क्लियरिङ्ग हाउसको सेग्रिगेट (Segregate) खातामा रकम जम्मा गर्नेछ।

## ५. कारोबारको प्रारम्भ

ग्राहकले विषेश कोड प्राप्त गरे पछि क्लियरिङ्ग हाउसको सेग्रिगेट खातामा कारोबारका लागि पर्याप्त रकम निक्षेप गर्नेछ। त्यस्तो निक्षेप जम्मा भएपछि त्यसको जानकारी ब्रोकरले सि.एच. (Clearing House) लाई गराउनेछ। सि.एचले निक्षेप जम्मा भएको यकिन गर्नेछ र पक्षको कारोबार स्थल (Trading Console) मा पहुचका लागि Username र Password पक्षको दर्ता फारममा भएको ईमेल ठेगाना (E-mail Address) मा पठाउनेछ।

कृपया यस कुरामा ध्यान दिनु होला कि ग्राहकको प्रारम्भिक निक्षेप रकम जम्मा भएको यकिन भएपछि मात्र ग्राहकले कारोबार स्थलको Username र Password पाउनेछ।

## ६. कारोवार शुल्क र टि.डी.एस.

**कारोवार शुल्क (कमिशन):** ग्राहकको खातामा हुने प्रत्येक कारोवारका लागि ग्राहकको दर्ता फारममा उल्लेख भए बमोजिमको कारोवार शुल्क ग्राहकले बुझाउनु पर्नेछ। जव कुनै कारोवार प्रारम्भ गरिन्छ, एक तर्फको कारोवार शुल्क पक्षलाई लाग्नेछ र जव सोहि कारोवार फछ्र्यौट गरिन्छ, अर्को तर्फको कारोवार शुल्क दस्तुर बुझाउनु पर्नेछ।

**उदाहरणको लागि,** यदि ग्राहकलाई १ के.जी. सुनमा १२०० + मु.अ.क. कारोवार शुल्क लगाईएको छ र यदि ग्राहकले २ लट सुन खरिद गर्छ भने उसको एक तर्फको कारोवार शुल्क अर्को शब्दमा (६०० + मु.अ.क.) X २= १२०० + मु.अ.क. कारोवार शुल्क कट्टा गरिनेछ।
त्यसै गरी ग्राहकले खरिद गरेको २ लट सुन बिक्रि गऱ्यो भने अर्को तर्फको कारोवार शुल्क अर्को शब्दमा (६०० + मु.अ.क.) X २= १२०० + मु.अ.क. काटिनेछ।
त्यसकारण जम्मा २ लट सुनको कारोवार शुल्क २४०० + मु.अ.क. लगाईने छ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

**टी.डी.एस. (TDS) (आय अनुसार कर कट्टी):** ग्राहकको कुल मुनाफाको १०% टी.डी.एस. (कारोवार शुल्क बाहेक) कट्टा गरिनेछ। टी.डी.एस.आन्तरिक राजश्व विभागमा ग्राहकको नामबाट भुक्तानी गरिनेछ र रकम बुझाइएको विवरण सहित रसिद प्रत्येक महिना ब्रोकरलाई क्लियरिङ्ग हाउस मार्फत् उपलब्ध गराईनेछ।

कृपया यो जानकारी ग्राहकलाई हुनपर्दछ की ग्राहकले गरेको मुनाफा वापत लागेको टी.डी.एस. र बुझाएको रकमको ग्राहकले प्रमाणपत्र पाउन सक्ने छन्। यदि कुनै ग्राहकले टी.डी.एस. प्रमाण पत्र लिन आवश्यक ठानेमा वा लिन चाहेमा तल उल्लेख गरे बमोजिमको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ:

१. ग्राहकले ब्रोकरलाई उपलब्ध गराएको “कर बुझाएको फारम (TDS Submission Form)” मा विस्तृत रुपमा उल्लेख भए अनुसार “TDS Withholding Certificate” भर्नु आवश्यक छ।
२. तत्पश्चात ब्रोकरले, भरेको “TDS Withholding Certificate” अध्ययनका लागि मेक्समा बुझाउनु पर्दछ।
३. त्यसपछि मेक्सद्धारा अध्ययन गरी स्विकृत गरिएको उक्त प्रमाणपत्र ब्रोकरले ग्राहकलाई उपलब्ध गराउने छ।

## ७. वैंक खाता/ई-सेवा खाता सम्बन्धी

हाल मेक्ससँग कारोवार गर्न ४ वटा बैंकहरु निर्दिष्ट गरिएका छन् र साथै डिजिटल भुक्तान साझेदारका रुपमा ई-सेवासँग पनि मेक्सको आवद्धता रहेको छ। मेक्स निर्दिष्ट बैंकहरु निम्न हुन् :

क. लक्ष्मी बैंक लिमिटेड
ख. बैंक अफ काठमाडौं लिमिटेड
ग. नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड
घ. सेञ्चुरी कमर्सियल बैंक लिमिटेड

हरेक ग्राहक (पक्ष) ले माथि उल्लेख गरिएको कुनै एक बैंकमा आफ्नो नाममा खाता खोल्नु पर्छ (सम्बन्धित ब्रोकरको बैंक खाता भएको बैंकमा) वा ईसेवा खाता खोल्नुपर्छ।

ग्राहकले आफ्नो नाममा खोलिएको बैंक खाता नम्बर वा ई-सेवा खाताको ID, ग्राहक दर्ता फारममा उल्लेख गर्नुपर्छ। ग्राहक दर्ता फारममा ग्राहकले उल्लेख गरिएको बैंक खाता नम्बर वा ई-सेवा खाताको ID, ग्राहकले क्लियरिङ्ग हाउसको सेग्रिगेट खातामा निक्षेप गर्नको निम्ति प्रयोग हुनेछ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

## ८. निक्षेप कार्यविधि ( प्रक्रिया )

क. बैंकको लागि निक्षेप कार्यविधि

ग्राहकले क्लियरिङ्ग हाउसको सेग्रिगेट खातामा रकम जम्मा गर्नु पर्दा आफ्नो ग्राहक दर्ता फारममा उल्लेख भएको वा संशोधन गरिएको रजिष्टर्ड बैंक खाता नम्बर मात्र प्रयोग गर्नु पर्दछ ।

- यस्तो रकम जम्मा गर्नका निम्ति मेक्ससँग सम्बन्धित बैंकहरुमा निम्न प्रकारका कुनै पनि प्रक्रिया अपनाउन सकिन्छ :
  - ✓ इन्टरनेट बैंकिङ्ग
  - ✓ नगद जम्मा
  - ✓ चेक जम्मा (ग्राहकले चेकमा क्लियरिङ हाउसको छाप लिन जरुरी)

(इन्टरनेट बैंकिङ्ग र नगद जम्मा गर्ने सिमा रकम, सम्बन्धित बैंकको नियमानुसार रहनेछ । इन्टरनेट बैंकिङ्गको रकम सिमा बढाउनका निम्ति बैंकसँग नै समन्वय गर्नुपर्नेछ ।)

ख. ई-सेवा को लागि निक्षेप कार्यविधि

ई-सेवा खाता भएका ग्राहकले आफ्नो ग्राहक दर्ता फारममा उल्लेख भएको वा संशोधन गरिएको रजिष्टर्ड ई-सेवा खाता मात्र प्रयोग गर्नु पर्दछ ।

क्लियरिङ्ग हाउसको सेग्रिगेट खातामा रकम जम्मा गर्नका लागि अपनाउनु पर्ने विधि
ईसेवा खातामा Log In गर्ने >> Payment क्लिक गर्ने >> Financial Services क्लिक गर्ने >> 'HCC Segregate Account' चयन गर्ने ।

मार्जिन थप र मार्जिन कल (Add margin/Margin call) को बेला सेग्रिगेट खातामा रकम निक्षेप गर्दा विस्तृत विवरण उल्लेख गर्नु पर्नेछ : ग्राहकको कोड र नाम (ग्राहक दर्ता फारममा उल्लेख भए अनुसार)

**उदाहरणका लागि- ४००१००१ कृष्ण कुमार**

कारोबार स्थलमा रकम जम्मा भएको अध्यावधि गर्ने सन्दर्भमा ग्राहकले क्लियरिङ्ग हाउसलाई आफुले निक्षेप गरेको प्रत्येक रकम बारे जानकारी गराउनु पर्दछ । ग्राहकले जम्मा गरेको रकम वारे जानकारी उपलब्ध गराउने तलका मध्ये कुनै प्रक्रिया (तरिका) अपनाउन सकिनेछ:

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

(१) **फोन मार्फत् :** ग्राहकले ब्रोकरलाई र ब्रोकरले क्लियरिङ्ग हाउसलाई, ग्राहक र जम्मा रकम बारे जानकारी गराउने ।

अथवा,

(२) **ग्राहकको कारोबार स्थल मार्फत् :** ग्राहकले जम्मा गरेको रकम बारे कारोबार स्थल मार्फत् **Trading भित्रको New Deposit** बाट जानकारी गराउनु पर्दछ ।

यो ग्राहकको जिम्मेवारी हो कि ग्राहकले जम्मा गरेको रकम आफ्नो कारोबार स्थलमा ठिकसँग प्रतिविम्बित भएको छ वा छैन निश्चित गर्नु पर्दछ ।

## ९. झिक्ने (निकाल्ने) प्रक्रिया

**आंशिक झिक्ने:**

- सबै "आंशिक झिक्ने" को लागि ग्राहकले आफ्नो कारोबार स्थलमा उपलब्ध **Trading भित्रको New Withdrawal** मार्फत् रकम झिक्ने अनुरोध गर्न सक्ने छन् ।
- त्यस्तो झिक्ने/निकाल्ने कार्य दिनको ५ पटक सम्म गर्न सकिने छ र ५ पटक भन्दा बढी ग्राहकले झिक्ने/निकाल्न चाहेमा अफलाइन (Offline) प्रक्रिया प्रयोग गर्नु पर्नेछ ।
- त्यसरी आंशिक रकम झिक्दा खातामा न्यूनतम नेपाली रुपैयाँ १०००।- राख्नु आवश्यक छ ।
- ग्राहकले अस्थिर मुनाफाको अंश रकम झिक्न पाउने छैन जवसम्म सो रकम कारोबार खातामा जम्मा भएको हुँदैन ।
- ग्राहकले अस्थिर मुनाफा र मार्जिन रकम बाहेकको रकम मात्र झिक्न पाउन सक्नेछन् ।
- तुरुन्तै फछ्र्योट गरी (हिसाब मिलान) रकम झिक्नको लागि एम.टि.एम. (MTM) पश्चात सो क्लियरिङ्ग हाउसको सेग्रीगेट खातामा रकम उपलब्ध भए नभएको हेरेर मात्र रकम हस्तान्तरण गर्न सक्नेछ ।
- रकम झिक्न अनलाइन सुविधा कारोवारका सबै दिनहरुमा चौविसै घण्टा उपलब्ध रहन्छ । बजार बन्द रहेको समयमा अनलाईनबाट झिक्ने अनुरोध/प्रक्रिया राखिएमा सो प्रक्रिया बजार खुला/सुचारु भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

**पूरा र अन्तिम झिक्ने:**

- सबै "पुरा र अन्तिम झिक्ने" को लागि ग्राहकले रकम झिक्ने फारमको वास्तविक फाराम (Original Copy) पठाउनुपर्ने छ । ग्राहकले "पूर्ण र अन्तिम रकम निकास (झिक्ने) फारम" हस्ताक्षर र औंठाको छाप सहित भर्नु पर्नेछ र ब्रोकरबाट स्विकृत गराउनु पर्दछ र अगाडिको प्रक्रियाको लागि क्लियरिङ्ग हाउस (CH) कहाँ पठाउनु पर्नेछ ।

- एक पटक ग्राहकले अन्तिम रकम फिर्ता लिइ सके पछि उसको कारोबार खाता बन्द हुनेछ र पुनः त्यो खाता सक्रिय हुने छैन ।

- यदि ग्राहकले अन्तिम रकम झिकेर कारोबार खाता वन्द गरे पश्चात पुनः कारोबार संचालन गर्न चाहेमा नयाँ ग्राहकले जस्तो नयाँ कारोबार खाता खोल्न संचालन गर्न पूर्ण प्रक्रिया अपनाउनु आवश्यक पर्दछ ।

- निर्दिष्ट वा Clearing बैंक भन्दा अन्य कुनै बैंकबाट ग्राहकले रकम झिक्न चाहेमा बैंकको म्यानेजर्स चेक (डि.डि) बाट प्रक्रिया अघि बढ्नेछ  र यो प्रक्रियाको लागि बैंकले डि.डि शुल्क पनि लगाउने छ ।

## १०. गलत विवरण वा गलत निक्षेप

यदि ग्राहकले वृतान्त विवरण (जस्तो ग्राहक कोड र नाम) निक्षेप गर्दा गलत पेश गरेमा विवरण परिर्वतन गर्ने फारम [Narration change format] भर्नु पर्नेछ। त्यसैगरी ग्राहकको श्रोत खाता भन्दा रकम निक्षेप गरेको खाता फरक पर्न गएमा त्यस्तो अवस्थामा गलत निक्षेप/तेश्रो पक्ष जम्मा ढाँचा फारम [Wrong Deposit/Third Party Format] प्रयोग गर्नु पर्दछ ।

द्रष्टव्य : ग्राहकले गलत निक्षेप/तेश्रो पक्ष ढाँचा फारम र विस्तृत विवरण परिर्वतन गर्ने फारम आफ्नो ब्रोकर वा क्लियरिङ्ग हाउसबाट प्राप्त गर्न सक्नेछन् ।

यस्तो प्रक्रियाको लागि बैंकको नियम अनुसार शुल्क लाग्ने छ ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

## ११. मार्जिन कल / माग

दिनको अन्तिम समयमा, ग्राहकको कारोबार स्थलमा 'उपलब्ध मार्जिन' नकारात्मक (negative 'available security deposit') छ भने उक्त मार्जिन १००% पुऱ्याउन ग्राहकलाई मार्जिन माग गरिनेछ। त्यस्तो कम भएको मार्जिन रकम, ग्राहकले सकेसम्म चाँडो वा अर्को दिनको दिउँसो ३ बजे सम्म जम्मा गरी सक्नु पर्नेछ। समयमा रकम जम्मा नभएमा, दिउँसो ४ बजे अतिरिक्त मार्जिन उपलब्ध भएका खुला करारहरुको विध्यमान बजार मूल्यमा परिसमापन गरिनेछ।

मार्जिन माग गरिएको सूचना कारोबार स्थल अन्तर्गत् Messages बाट पनि प्राप्त गर्न सकिन्छ।

- मार्जिन माग गरिएको रकम नेपाली समय (Nepali Standard Time) दिउँसोको ३ बजे (3 P.M.) सम्म जम्मा गरि सक्नु पर्नेछ। ग्राहकले यस्तो मार्जिन माग रकम जम्मा गरेको जानकारी ब्रोकरले क्लियरिङ्ग हाउसलाई दिउँसो ३ बजे भन्दा अघि दिईसक्नु पर्नेछ।
- मार्जिन मागबाट हुने करार परिसमापन (Margin call cut off time) नेपाली समय दिउँसो ४ बजे शुरु हुनेछ।
- यदि दिउँसो ४ बजेको समयमा "Available Margin" को रकम १ पैसाले मात्र पनि नकारात्मक हुन गएमा र सो रकम ग्राहकले नबुझाएमा ग्राहकको खुला कारोबार (Open Position) परिसमापन गरिने छ।
- Future Products को समाप्तिको (Contract Expiry Liquidation) समय रातीको ११:०० बजे मानिनेछ भने Spot Products को समाप्तिको समय दिउँसो ३:०० बजे मानिनेछ। [Spot को खुला आदेशको समाप्ति यदि शनिबार र आईतबारको दिन परेको छ भने, सो आदेशको समाप्ति शनिबारको बजार बन्द हुने समयमा हुनेछ।]

एक्सचेन्जले Daily Settlement मुल्य २३:५९:०० मा हिसाब गर्नेछ र MTM सो मुल्यको आधारमा गरिनेछ।

### मार्जिन कल/ माग परिसमापन (Margin Call Liquidation)

- ग्राहकको विभिन्न करारमा खुला कारोबारहरु छ भने, त्यस्तो करार मध्ये कुनै पनि करार वा करारहरु वन्द वा समाप्त गरिनेछ।
- ग्राहकको कुनै एक करारमा खुला कारोबारहरु छ भने, मार्जिन कल परिसमापन FIFO पद्धतिमा आधारित हुन्छ। मार्जिन कल परिसमापनको लागि न्यूनतम लट संख्या १ लट हो, यदि ग्राहकको दशमलव संख्या (decimal lot) मा खुला कारोबार रहेको छैन भने।
- यदि ग्राहकको दशमलव संख्यामा खुला कारोबार रहेको छ भने, ग्राहकको पूरै दशमलव लट नै परिसमापन गरिनेछ र यदि दशमलव लटले मार्जिन अपुग रकम भर्पाइ गर्न नपुगेमा दशमलव लटका साथसाथै १ लट (र अन्य यसैगरि) परिसमापन गरिनेछ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

- यदि ग्राहकको खुला कारोबार भएका सबै वस्तुहरुको बजार बन्द छ भने मार्जिन कल प्रक्रिया गरिने छैन तर त्यसको ठीक पछिको दिनका लागि मार्जिन कल सूचना जारी गरिनेछ ।
- यदि खुला कारोबारहरु रहेका सबै वस्तुहरुको बजार ढिलो खुल्ने अर्थात् मार्जिन कल कट्टा समय पछि छ भने मार्जिन कल प्रक्रिया MOO (Market On Open) बजार खुला/सुचारु भएलगत्तै हुनेछ ।
- बजार खुलेका वस्तुहरुका साथै बन्द भएका वस्तुहरुका करारहरुमा पनि यदि ग्राहकको खुला कारोबार रहेको छ भने मार्जिन कल प्रक्रिया बजार खुलेका वस्तुहरुमा कार्यान्वयन हुनेछ ।

## १२. खाता रोक्का, खाता खुला र खाता (TRADING CONSOLE) वन्द

**खाता रोक्का :**

यदि ग्राहकको खातामा कारोवारको लागि पर्याप्त रकम नभएमा ग्राहकले गर्ने कारोवारको लागि ग्राहकको खाता (Trading Console) रोक्का गरिनेछ । तापनि ग्राहकले आफ्नो कारोवारको निलम्वनको अवस्थामा पनि मूल्य सूची हेर्न र अवलोकन गर्न सक्नेछ ।

**खाता खुला :**

कुनै किसिमको कारोवारका लागि ग्राहकले पर्याप्त रकम जम्मा गरेमा करोवारका लागि खाता खुला गरिनेछ ।

**खाता वन्द :**

ग्राहकको (Trading Console) कारोवार स्थल  ग्राहकले पूर्ण रुपमा रकम निकालेमा वा ग्राहक वा सदस्यको अनुरोधमा बन्द गरिनेछ ।

## १३. पूँजिमा पर्ने प्रभाव (इक्यूटि हिट) र घाटा

यदि ग्राहकको कारोवार स्थलमा ग्राहकको 'Equity', 'Used Margin' को ४% + आदि कमिशन (काट्न बाँकि रहेको कमिशन) वा रु २०० + आधा कमिशन (काट्न बाँकि रहेको कमिशन) वा सो भन्दा कम, जुनसुकै बढि भएमा त्यस्तो नाजुक अवस्थालाई "इक्यूटि हिट" भनिनेछ जहाँ खुला करारको (Open contracts) नियमानुसार मानविय पद्धतिद्वारा विध्यमान बजारमा समाप्त गरिनेछ ।

"इक्यूटि हिट" अवस्थामा खुला करार उपलब्ध बजार मूल्यमा परिसमापन गरिनेछ । यहाँ ध्यान दिनु पर्ने कुरा यो हो की बजार अवस्था अनुसार ग्राहकको कुल रकम नकारात्मक पनि हुन सक्छ र यदि  त्यस्तो भएमा  ग्राहकको इक्यूटि सकारात्मक बनाउन चाहिने जति रकम ग्राहकले जम्मा नगरेसम्म ग्राहकको कारोवार स्थल आंम्शिक रुपमा रोक्का गरिने छ ।

यदि कुनै पनि वस्तु वा करारको बजारमा ग्याप ओपनिङ्ग भएमा मूल्य नकारात्मक दिशा तर्फ पनि जान

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

सक्छ जुन ग्याप ओपनको अवस्थामा निर्भर गर्दछ ।

**नोटः**

- इक्यूटि हिट ग्राहकले अनपेक्षित अवस्था हो । सो अवस्था नआउन र ग्राहकको खुला करारहरुलाई बर्करार राख्न (Hold) ग्राहकहरुलाई आफ्नो कारोबार खातामा पर्याप्त रकम जम्मा गर्न आग्रह/सुझाव दिइन्छ । यदि ग्राहकको इक्यूटि "Used Margin को ४% + आधा कमिशन (एकतर्फि)" वा "रु २०० + आधा कमिशन (एकतर्फि)" जुन बढि त्यहिसम्म पुग्न गएमा एक्सचेन्ज अथवा क्लियरिङ्ग हाउसले ग्राहकलाई सूचना दिन बाध्य हुने छैन र सो ग्राहकको सबै करारहरु परिसमापन गरिने छ ।

- इक्यूटि हिटको अवस्थामा ग्राहकको सम्पूर्ण contingent order हरुका साथै सबै खुला कारोबारहरु पनि परिसमापन गरिने छ ।

  ग्राहकले आफ्नो खुला कारोबार परिसमापन हुन वा सोबाट बच्नका लागि इक्यूटि हिट हुनु अगावै रकम जम्मा गर्न सक्नेछन् ।

## १४. सब-ब्रोकरलाई दिन सक्ने अधिकारहरु

ग्राहक स्वयंले पनि कारोबार गर्न (Self Trader) सक्छ र सब-ब्रोकरका मार्फत् पनि दर्ता हुन सक्छ । एक ग्राहकले आफ्नो सब-ब्रोकरलाई निम्न प्रकारको अधिकार सुम्पन सक्दछ :

**(क) कारोबार** (Trade) :-

कारोबार गर्ने र कारोवार विवरण प्राप्त गर्ने अधिकार ।

**(ख) बन्द मात्र गर्ने अधिकार** (Close Only) :-

खुला कारोबारलाई बन्द गर्ने अधिकार, खुला कारोबारमा Limit/Stop राख्ने र ग्राहकले राखेको Limit/Stop रद्द गर्ने अधिकार । सब-ब्रोकरले ग्राहकको विवरण हेर्न पाउने छन् ।

**(ग) कारोबार अवलोकन गर्ने अधिकार** (View Trade) :-

ग्राहकले गरेको कारोबार, अवलोकन गर्ने र ग्राहकको कारोवार विवरण लिने अधिकार (सब-ब्रोकरले ग्राहकको लागि आदेश दिन नसक्ने) ।

**(घ) बजार अवलोकन गर्ने अधिकार** (View Market) :-

कारोबार गर्न नपाउने र कारोवार विवरण प्राप्त गर्न नसक्ने तर बजारको विवरण मात्र हेर्न पाउने अधिकार ।

**(ङ) कारोबार गर्न नपाउने अधिकार** (None) :-

कारोबार गर्न नपाउने र कारोवार विवरण प्राप्त गर्न नसक्ने अधिकार ।

ग्राहकले सब-ब्रोकरलाई सम्भाव्य अधिकार दिन सक्नेछ र त्यस्तो ग्राहकले सब-ब्रोकरलाई दिइएको अधिकार कुनै पनि समय कारोबार स्थल मार्फत परिवर्तन गर्ने अधिकार राख्दछन् ।

## १५. उजुरी प्रक्रिया

ग्राहकलाई कारोवार स्थलमा Live Chat को सुविधा उपलब्ध गराइएको छ जस मार्फत्  कारोवारका सम्वन्धमा उठेको कुनै विषय प्रत्यक्ष रुपमा संचार (Chat) मार्फत् जानकारी गराउन सकिन्छ । यदि ग्राहकले आवश्यकता महसुस गरेमा कुनै उजुरी कारवाहि अगाडि बढाउन आफ्नो ब्रोकरलाई दिन सक्नेछन्, सो उजुरी ग्राहकको ब्रोकरले क्लियरिङ्ग हाउसलाई बुझाउनेछ ।

ग्राहक/सब-ब्रोकर/ब्रोकरले एक्सचेन्जमा सीधै आफ्नो गुनासो उजुरी दिन वा उठाउन अनुमति हुँदैन । उनीहरुले सर्वप्रथम क्लियरिङ्ग हाउस मार्फत् आफ्नो उजुरी राख्न जरुरी छ । यदि क्लियरिङ्ग हाउसले उजुरीका सम्वन्धमा गरेको कामबाट ग्राहक सन्तुष्ट नभएमा, समस्या परेको ५ दिन (कार्यालय खुला हुने ५ दिन) भित्र एक्सचेन्जमा उनीहरुको ब्रोकर मार्फत् उजुरी दिन सक्नेछन् ।

उजुरी गर्ने तरिका सम्वन्धमा तल तालिका दिइएको छ ।




## १६. परिपत्रहरु (जानकारी)

एक्सचेन्जले जारी गरेको परिपत्रहरु circular@mexnepal.com बाट ब्रोकरहरु र अन्य सदस्यहरुको दर्ता गरेको ईमेल ठेगानामा पठाइने छ । सो परिपत्रहरु ब्रोकर र अन्य सदस्यहरुले आफ्नो सम्बन्धित ग्राहक र सब-ब्रोकरहरुलाई सूचित गर्नुपर्छ ।

मेक्सले जारी गर्ने परिपत्रहरुमा मार्जिन परिर्वतन, विदाको सूचनाहरु र अरु महत्वपूर्ण विषयहरु समावेश हुनेछन् । ग्राहकहरुलाई उत्पादन, व्यापार, कारोवार मार्जिनबारे मेक्सबाट जारी प्रत्येक जानकारी सूचना अध्यावधी राख्न सल्लाह दिईन्छ र उनीहरुले यसका लागि आफ्नो ब्रोकरसँग सम्पर्क गर्न सक्नेछन् ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

## १७. सिफारित सिस्टम कन्फिगुरेसन

मेक्सको कारोबार स्थल चलाउनका लागि निम्न बमोजिम Computer System Configuration को आवश्यकता रहनेछ ।

**System Specifications**

| | Required | Recommended |
|---|---|---|
| **Operating System** | Windows Vista SP1 or later | Windows 7 SP1 |
| **Processor** | Pentium 4, 2.5GHz or faster | Dual-Core. Intel® Core™2 Duo (2.33 Ghz or better) |
| **RAM** | 1 GB (1.5 GB for Windows 8 or later) | 1.5 GB (2 GB for Windows 8 or later) |
| **Hard Drive** | Free hard disk space: 850 MB | Free hard disk space: 1000 MB |
| **Internet connection** | 256 kbps or faster | 512 kbps or faster |
| **Screen resolution** | 1024 x 768 | 1280 x 1024 |

**Supported operating systems**

- ✔Windows 8
- ✔Windows 7
- ✔Windows 7 SP1
- ✔Windows Server 2008 (not supported on Server Core Role)
- ✔Windows Server 2008 R2 (not supported on Server Core Role)
- ✔Windows Server 2008 R2 SP1
- ✔Windows Server 2003 SP2
- ✔Windows Vista SP1 or later

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

## १८. कन्ट्राक्ट स्पेसिफिकेशन टर्म्स (Contract Specification Terms)

| | |
|---|---|
| Symbol | ले उत्पाद/कन्ट्राक्टको संकेतलाई जनाउँदछ । |
| Name | ले उत्पादको पूरा नामलाई प्रतिनिधित्व गर्दछ । |
| Category/Type | ले कन्ट्राक्टको किसिम, स्तरलाई प्रतिनिधित्व गर्दछ । |
| Regular/Initial Margin | ले रेगुलर करार प्रारम्भ गर्नको लागि आवश्यक पर्ने रकमलाई प्रतिनिधित्व गर्दछ । |
| Face Value | ले त्यस्तो मूल्यको प्रतिनिधित्व गर्दछ जसले खरिद मूल्य र बिक्री मूल्यको अन्तरलाई गुणन गरि कारोवारमा मुनाफा वा नोक्सान गणना गर्न मद्दत गर्दछ । |
| Unit | ले अंकित मूल्य/करारको इकाई नापनको प्रतिनिधित्व गर्दछ । |
| Intraday Margin | ले १ दिन भित्रमा आफ्नो कारोवार अवस्था प्रारम्भ गर्न आवश्यक रकमको परिमाणको प्रतिनिधित्व गर्दछ । |
| Overnight Margin | ले रातभरका लागि आफ्नो कारोवार यथावत राख्ने अवस्थाको प्रतिनिधित्व गर्दछ । |
| Limit/Stop Min Pips | ले कन्टिन्जेन्ट पिपलाई जनाउँछ । यो अवस्था भनेको लिमिट अथवा स्टप आदेश कार्यान्वयन गराउनका लागि चाहिने न्यूनतम मूल्य अन्तर हो जुन चालु बजार मूल्यसँग मापन गरिन्छ । |
| Item Tick/Tick size | ले वस्तुको मूल्यमा हुने न्यूनतम मूल्यमा उतार चढाव भएको अवस्थालाई प्रतिनिधित्व गर्दछ । |
| Point Value/tick value | ले प्रति आइटम टिकमा हुने उतार-चढावबाट निर्धारित कुनै पनि वस्तुमा हुने न्यूनतम नाफा वा नोक्सानलाई प्रतिनिधित्व गर्दछ । |
| Expiry date | ले कुनै खास करारको समाप्तिको अवस्थाको प्रतिनिधित्व गर्दछ । |
| Session 1 Open Time | ले (पहिलो व्यापारिक सत्र) कुनै खास करारको खुला रहेको पहिलो व्यापारको अवधिलाई प्रतिनिधित्व गर्दछ । |
| Session 1 Close Time | ले (पहिलो व्यापारिक सत्र) कुनै खास करारको वन्द हुने समयलाई प्रतिनिधित्व गर्दछ । |

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

| | |
|---|---|
| Session 2 Open Time | ले (दोश्रो व्यापारिक सत्र) कुनै खास करारको खुला समयलाई प्रतिनिधित्व गर्दछ । |
| Session 2 Close Time | ले (दोश्रो व्यापारीक सत्र) कुनै खास करारको वन्द हुने समयलाई प्रतिनिधित्व गर्दछ । |
| Bid | ले कुनै निश्चित करारलाई विक्री गर्न सक्ने निर्धारित मूल्यलाई प्रतिनिधित्व गर्दछ । |
| Ask | ले कुनै निश्चित करारलाई किन्न सक्ने निर्धारित मूल्यलाई प्रतिनिधित्व गर्दछ । |
| Storage Buy | ले Spot करार खरिद गर्दा तिनुपर्ने अथवा पाउनु पर्ने रकमलाई प्रतिनिधित्व गर्दछ । सो रकम Spot करार खरिद गरेको ७ दिन पछि लागू हुन्छ । |
| Storage Sell | ले Spot करार बिक्रि गर्दा पाउने अथवा तिर्नु पर्ने रकमलाई प्रतिनिधित्व गर्दछ । सो रकम Spot करार बिक्रि गरेको ७ दिन पछि लागू हुन्छ । |

## १९. मार्केट ओपन ग्याप (Market Open Gap (MOG))

कुनै वस्तुको दुई कारोबार  शेसन बिच हुने मूल्य अन्तरलाई मार्केट ओपन ग्याप भनिन्छ । ओपनिङ्ग ग्याप्स् बजार बन्द भएको अवस्थामा, नयाँ समाचार जारी वा अन्य घटना भएमा, अथवा ग्राहकहरुले कारोवार गर्ने र अर्डर बजार खुल्नुभन्दा अगाडि कार्यान्वयन गराउने मूल्यको निर्णयहरुले निर्धारण गर्दछ । बजार वन्द हुँदाको अवस्थामा कुनै भौतिक वस्तुको कारोवारमा हुने गतिविधिबाट उत्पन्न घटनाले पनि मार्केट ओपन ग्यापमा प्रभाव पार्दछ ।

यदि कुनै करारमा मार्केट ओपन ग्याप भयो भने ग्राहकको वित्तिय स्थितिलाई प्रभाव पार्नेछ र त्यो पनि बजारको स्थितिमा आधारित हुनेछ ।

यस्तो परिस्थिति अन्तरगत्, पहिलो कारोबार शेसन र दोश्रो कारोबार शेसनको मूल्यको बिचमा लिएको कन्टिन्जेन्ट आदेशहरु (Stop/Limit), दोश्रो कारोबार शेसनको खोल्ने बेलाको मूल्यमा कार्यान्वयन हुनेछ ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

## २०. कारोबार स्थलमा हुने कारोवारमा अधिकतम विचलन [FUNCTION OF MAXIMUM DEVIATION IN TRADING CONSOLE]

ग्राहकहरुले Market Order दिन अघि बजार भाउमा विचलन निर्धारण गर्न सक्नेछन् । विचलन भनेको ग्राहकले व्यहोर्न सक्ने अधिकतम मूल्य र बजार मूल्य बीचको अन्तर हो । ग्राहकले तोकेको विचलन भित्र बजार भाउ परेमा उक्त आदेश कार्यान्वयन हुनेछ अन्यथा खारेज हुनेछ ।

ग्राहकले विचलन व्यवस्थापन नगरीकनै पनि वस्तुको माग वा आदेश छनौट गर्न सक्दछन् वा उनीहरुले विश्वास गरेको वजारमा बजारको विचलनको अवलोकन गरी माग गर्न सक्दछन । विचलन न्यूनतम ० बाट माथि कुनै अङ्क राख्न सकिन्छ ।

बजार नकारात्मक भए विचलन लागू हुनेछ। खरिद आदेश मूल्य बृद्धि भए खारेज हुनेछ र बिक्रि आदेश मूल्य घटेमा खारेज हुनेछ ।

**उदाहरणका लागि**, एक ग्राहकले विचलनको व्यवस्थापन ५ राखेको छ र बिक्री आदेश GOLAUG13 @ ३२,५०० [GOL PIP =२.५०, माने उसले अधिकतम् नेपाली रुपैयाँ १२.०५ (२.५० X ५) तल, तव उसले मूल्य माग गर्न सक्छ] यदि भरेको मूल्य ३२४८७.५० वा दिईएको मूल्य भन्दा माथिको मूल्यमा ग्राहकका लागि पक्का गरिन्छ वा त्यस्तो नभए सर्भरले सो आदेश अस्विकार गर्ने छ ।

## २१. आदेशका प्रकार [Order Types]

क. **वजार आदेश (Market Order):** बजारको प्रचलित मूल्यमा बस्तुको खरिद वा बिक्री गर्ने आदेश ।

ख. **कन्टिन्जेन्ट आदेश (Contingent Orders):** आफूले चाहेको मूल्यमा कुनै वस्तु विक्री वा खरिद गर्ने आदेश हो, जसमा ग्राहक आफैले व्यवस्था गरेको मूल्य पुगेमा यो आदेश पूरा गरिनेछ ( आदेश पुरा गर्ने नगर्ने बजारको अवस्थामा निर्धारण हुनेछ)।

Contingent Order जुन कारोवार स्थलमा हुने गर्दछ ती निम्न प्रकार छन्

**सीमा आदेश (Limit order):** यस्तो आदेश हो जुन कुनै वस्तुको बजारको विद्यमान मूल्य भन्दा कममा खरिद गर्न माग गरिन्छ वा वजारको मूल्य भन्दा वढीमा विक्री गर्न माग गरिन्छ ।

- खरिद सीमा (Buy Limit):यो बजारको मूल्य भन्दा कम मूल्यमा राखिने आदेश हो ।
- विक्री सीमा (Sell Limit):यो बजार मूल्य भन्दा माथिको मूल्यमा राखिने आदेश हो ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

**रोक आदेश (Stop Order):** बजारको विपरीत अवस्थाबाट हुन सक्ने हानी रोक्न यो आदेश गरिन्छ । रोक आदेश तब वजार आदेश बन्न जान्छ जब बजार निश्चित गरिएको मूल्यमा पुग्दछ र त्यही वा अर्को उपलब्ध मूल्यमा पूरा गरिन्छ ।

- **खरिद रोक** (Buy Stop): यो बजारको मूल्य भन्दा माथिको मूल्यमा राखिने आदेश हो ।
- **विक्री रोक** (Sell Stop): यो बजारको मूल्य भन्दा कमको मूल्यमा राखिने आदेश हो ।

**द्रष्टव्य:** कन्टिन्जेन्ट एक्स्पोजर रेसियो (Contingent Exposure Ratio) १:१ रहेको छ । तर ग्राहक ले कन्टिन्जेन्ट आदेश भने धेरै पटक Available Fund को १:१ रेसियोमा लिन सक्नेछ ।

उदाहरणका लागि: यदि ग्राहकको Available Margin रु १५०,०००/- छ भने, सो ग्राहकले १ पटकमा १ के.जी. सुनको २ करारमा कन्टिन्जेन्ट आदेश लिन मिल्छ । त्यसैगरी दोश्रो पटकमा ग्राहकले फेरि १ के.जी. सुनको २ करारमा कन्टिन्जेन्ट आदेश लिन मिल्नेछ । त्यसैगरी ग्राहकले अरु उत्पादको करारमा पनि धेरै चोटी कन्टिन्जेन्ट आदेश लिन मिल्नेछ ।

ग्राहकले लिएको विभिन्न कन्टिन्जेन्ट आदेश मध्य कुनै छोएमा अरु कन्टिन्जेन्ट आदेश कार्यान्वयन ग्राहकको खातामा उपलब्ध रकम अनुसार हुनेछ ।

**वैधता (Validity)**

| | | |
|---|---|---|
| नियमित (Regular) | : | करारको समाप्ति समयसम्म आदेश मान्य हुने । |
| एक दिनको लागि (Intraday) | : | एक दिनको लागि मात्र मान्य आदेश । |

**टाइम इन् फोर्स (Time in Force)**

| | | |
|---|---|---|
| दिन (Day) | : | दिनको अन्त्य समयसम्म मान्य आदेश । |
| जी.टी.सी [Good till cancel] | : | (रद्द नगरे सम्म अस्तित्वमा रहने, मान्य हुने): यो आदेश कार्यान्वयन वा रद्द नभएसम्म मान्य हुनेछ । |
| जी.टी.एफ. [Good till Friday] | : | शुक्रबारको २३:५९:०० समय सम्म यो आदेश मान्य हुने । |

## २२. FIFO परिसमापन (FIFO Liquidation)

कारोवार स्थलमा लिएको आदेशहरुले First-In-First-Out (FIFO) परिसमापन प्रक्रिया पालना गर्ने छन् । उदाहरणको लागि: एक ग्राहकसँग १ के.जी. सुनमा २ खुला करार छन्, सो ग्राहकले यदि १ के.जी. सुनमा १ करार बिक्री गर्छ भने , ग्राहकसँग भएको २ खुला १ के.जी. सुनको करारहरु मध्ये सुरुमा लिएको सुनको करार परिसमापन हुनेछ । यदि ग्राहकलाई दोश्रो पटक लिएको सुनको करारलाई सुरुमा लिएको सुनको करार भन्दा अगाडि परिसमापन गर्न चाहन्छ भने सो ग्राहकले दोश्रो सुनको करार छानेर परिसमापन गर्नुपर्ने हुन्छ ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

## २३. अनलाइन सहयोग (Online Support)

ग्राहकहरुले आफ्नो कारोवार स्थल बाट आदेश दिन नसकेको अवस्थामा, अनलाइन सहयोगको प्रयोग गर्न सक्नेछन् । यो यस्तो अवस्था हो जब ग्राहकहरु आफ्नो कारोवार स्थल खोल्न सक्ने तर अर्डर लिन नसक्ने हुन्छन् ।
अनलाइन सहयोगको मार्फत् ग्राहकले नयाँ कारोबार लिन सक्नेछ तथा खुला कारोबारलाई परिसमापन गर्न सक्नेछ र साथ साथै भएको खुला कारोबारमा नोक्सान रोक/नाफा लिन (Take Profit/Stop Loss) पनि राख्न सक्नेछ । ग्राहकले अनलाइन सहयोगका लागि कारोवार स्थलमा उपलब्ध भएको "Live Chat" मार्फत् आदेश दिनु पर्ने हुन्छ ।

विस्तृत विवरणको लागि कृपया www.mexnepal.com मा जानु होला ।

## २४. अफलाइन सहयोग (Offline Support)

यदि नेपालमा इन्टरनेट सेवा प्राप्त हुन नसकेको अवस्था भएमा वा नेपालमा विद्युत बन्द भएको अवस्था वा MEX.N Server सँग जडान नभएमा (मेक्समा नजोडिदिएमा) वा ग्राहकहरुले कारोवारको आदेश कारोबार स्थलबाट दिन नसकेको अवस्थामा आफ्नो सम्वन्धित ब्रोकरसँग सम्पर्क गरी ग्राहकले अफलाइन सेवा उपयोग गर्न सक्नेछन् । ग्राहकहरुले आफ्नो खुला कारोवारलाई खारेज गर्न वा त्यस्तो कारोवारमा नोक्सान रोक/ नाफा लिन (Take Profit वा Stop Loss) आदेश आफ्नो ब्रोकर मार्फत् राख्न सक्ने छन् ।

अफलाइन सहयोग प्रयोग गर्नको निम्ति ग्राहकले आफ्नो ब्रोकरको अधिकारिक व्यक्तिलाई सम्पर्क गरेर सो अनुरोध ब्रोकरले क्लियरिङ्ग हाउससँग राख्नु पर्छ । अफलाइन सहयोगको माग ग्राहकले ब्रोकर मार्फत् फोनबाट क्लियरिङ्ग हाउसलाई राख्नुपर्छ, क्लियरिङ्ग हाउसले फोनमा भएको कुराकानी रेकर्ड गर्नेछ ।

विस्तृत विवरणको लागि कृपया www.mexnepal.com मा जानु होला ।

## २५. हकदार (वारेश) इच्छाएको व्यक्ति - ग्राहकको मृत्यु

एक ग्राहकले नावालक वा मानसिक संतुलन ठीक नभएको व्यक्ति वाहेक अन्य व्यक्तिलाई आफ्नो प्रतिनिधि (हकवाला, वारेश) नियुक्त गर्न सक्छ । ग्राहकको मृत्यु भएको अवस्थामा इच्छ्याएको व्यक्तिले ग्राहकको खातामा रहेको सम्पूर्ण जम्मा रहेको रकम र वढे बढाएको रकम फाइदा समेत प्राप्त गर्दछ । थप जानकारीका लागि कृपया आफ्नो ब्रोकरलाई सम्पर्क गर्नुहोस् ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

## २६. भौतिक हस्तान्तरण हुने वस्तुमा कारोवार गर्न

- **DGOLD** : ग्राहकले यसमा कारोबार गर्नका लागि मेक्स सम्बन्धित कुनै पनि बैंकमा आफ्नो खाता खोलेको हुनुपर्नेछ वा आफ्नै ई-सेवा खाता हुनुपर्छ ।
- **DSILVER** : ग्राहकले यसमा कारोबार गर्नका लागि सेञ्चुरी कमर्सियल बैंकमा आफ्नो खाता खोलेको हुनुपर्नेछ ।
- **EGGM** र **EGGL** : ग्राहकले यसमा कारोबार गर्नका लागि बैंक अफ काठमाडौ वा ई सेवामा अनिवार्य रुपमा खाता खोलेको हुनुपर्नेछ ।

भौतिक हस्तान्तरण हुने वस्तुका बारेमा पूर्ण जानकारीका लागि www.mexnepal.com>> Products >> Products >>Deliverable Products मा हेर्न सक्नुहुनेछ ।

ग्राहकहरुले भौतिक हस्तान्तरण हुने वस्तुमा कारोवार गर्न आवश्यक प्रक्रिया, नितिनियम, शर्तहरु तथा सम्भावित जोखिमका बारेमा आफ्नो ब्रोकरसँग जानकारी लिन अनुरोध गरिन्छ ।

## २७. गर्ने र नगर्ने

कुनै ब्रोकर मार्फत् ग्राहकको रुपमा दर्ता हुनु अघि उसले के गर्ने र के नगर्ने भन्ने कुराका बारेमा राम्रो जानकारी प्राप्त गर्नु पर्दछ ।

**गर्ने:**

१) ग्राहकले कारोबार, एक्सचेन्जमा दर्ता भएको ब्रोकर र क्लियरिङ्ग सदस्यबाट मात्र गुर्नपर्छ । दर्ता भएका ब्रोकर र क्लियरिङ्ग सदस्यहरुको विवरण एक्सचेन्जका वेबसाईट www.mexnepal.com वा क्लियरिङ्ग हाउसको वेबसाईट www.hclearcorp.com बाट प्राप्त गर्न सकिनेछ ।

२) ग्राहक बनि कारोबार गर्नु अगाडि "ग्राहक दर्ता फारम" (Client Registration Form) भर्न जरुरी छ ।

३) सम्बन्धित ब्रोकरबाट ग्राहकले आफ्नो "विशेष ग्राहक कोड" (Unique Client Code) लिन जरुरी छ र आफ्नो कारोबार, प्राप्त गरेको विशेष ग्राहक कोडबाट नै भईरहेको छ कि छैन ध्यान दिनु पर्छ ।

४) ब्रोकर-ग्राहक/क्लियरिङ्ग सदस्य-ग्राहक सम्झौता गरेर मात्र कारोबार गर्नुहोला ।

५) "जोखिम प्रकटिकरण दस्तावेज" (Risk Disclosure Document) पढेर मात्र सहि गर्नुहोला ।

६) व्यक्तिगत मार्केट-मेकरको लागि, "नियम र शर्तहरु" पढेर र सहि गरेर मात्र कारोबार गर्नुहोला ।

७) ग्राहकले आफूले भरेको ग्राहक दर्ता फारम, ब्रोकर-ग्राहक/क्लियरिङ्ग सदस्य-ग्राहक सम्झौता र अरु कागजातहरुको प्रतिलिपि राख्न जरुरी छ ।

८) एक्सचेन्जको नियम कानून, जारी गरेको परिपत्रहरु, सूचनाहरु तथा ब्रोकर-ग्राहक/क्लियरिङ्ग सदस्य-ग्राहक सम्झौता ध्यानपूर्वक पढि आफ्नो र ब्रोकर/क्लियरिङ्ग सदस्यको अधिकार, जिम्मेवारी र कर्तव्यहरु जान्न जरुरी हुन्छ ।

९) कारोबार सुरु गर्नु अगाडि सम्बन्धित प्रश्नहरु सोधी र शंकाहरु ब्रोकर/क्लियरिङ्ग सदस्यसँग छलफल गरी समाधान गुर्न जरुरी छ ।

१०) कारोबारको लागि चाहिने रकम (Margin) समय भित्र र i-banking वा नगद (बैंकले निर्धारित गरेको सीमा अनुसार) वा Cheque वा एक्सचेन्जले तोकेको अरु प्रक्रियाबाट जम्मा गर्नु जरुरी छ । सो जम्मा गरेको रकमको रसिद निर्दिष्ट बैंकबाट लिनु जरुरी छ ।

mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook mex nepal client handbook

११) आफ्नो खातामा कार्यान्वयन भएको कारोबारका लागि तिर्नुभएको कारोबार शुल्क (कमिशन) का लागि ब्रोकरसँग भ्याट बिल माग्नुहोस् ।

१२) तपाईले गरेको नाफामा तपाईले तिर्नुभएको टि.डि.एस.का लागि "TDS Withholding Certificate" को माग गर्नुहोला ।

## नगर्ने:

१) एक्सचेन्जमा दर्ता नभएका ब्रोकर/क्लियरिङ्ग सदस्य मार्फत् कारोवार नगर्ने ।

२) एक्सचेन्जले प्रदान गरेको कारोवार स्थल (Trading Console) मार्फत् बाहेक अरु व्यापारिक स्थल वा व्यक्ति मार्फत् कारोवार नगर्नुहोस् किनकि यस्ता कारोबार गैह्रकानूनी हुन्छन् र एक्सचेन्जको अधिकारक्षेत्र बाहिर पर्दछन् ।

३) आफ्नो ब्रोकर/सब-ब्रोकर वा कुनै पनि अन्य तेस्रो व्यक्तिसँग आफ्नो कारोबार स्थलको Login विवरण नबाँड्नुहोस् ।

४) कुनै ब्रोकर/क्लियरिङ्ग सदस्यसँग सुनिश्चित लाभको सम्झौता नगर्ने ।

५) लोभ्याउने विज्ञापन, हल्ला, टिप्स, स्पष्ट, अस्पष्ट वादाहरुलाई नपत्याउने ।

६) आफ्नो ब्रोकर/क्लियरिङ्ग सदस्यसँग नगदमा कारोवार नगर्ने ।

७) जोखिम प्रकटिकरण दस्तावेज र ब्रोकर/क्लियरिङ्ग सदस्यसँगको सम्झौता नपढि कागजातमा सहि गरेर कारोवार नगर्ने ।

८) बजारमा हुन सक्ने क्षतिबारे नजानिकन कारोवार सुरु नगर्ने ।

९) एक्सचेन्जले तोकेको कारोवार शुल्क भन्दा बढि नतिर्ने ।

**नोट:**

**क्लियरिङ्ग सदस्य अन्तर्गत दर्ता भएका ब्रोकरहरुले पनि आफ्नो क्लियरिङ्ग सदस्य मार्फत क्लियरिङ्ग हाउससँग सम्पर्क गरी माथि उल्लेखित नियम तथा प्रक्रियाको पालना गर्नु पर्नेछ ।**
**क्लियरिङ्ग सदस्यले दर्ता गराएका ग्राहकहरुले पनि आफ्नो क्लियरिङ्ग सदस्यसँग सम्पर्क गरी माथि उल्लेखित नियम तथा प्रक्रियाको पालना गर्नु पर्नेछ ।**

**द्रष्टव्य: नियमित बजार अध्यावधिका लागि तपाई सधैं** MEX Blog र Market Commentary र हामीलाई Facebook र Twitter मा सम्पर्क गर्न सक्नु हुनेछ । एक्सचेन्जबाट जारी गरेको परिपत्रहरु ग्राहकहरु र सब-ब्रोकरहरुले आफ्नो कारोवार स्थल (Trading Consloe) बाट प्राप्त गर्न सकिन्छ । सोही मार्फत जानकारी प्राप्त गर्न नविर्सनु होला ।

**दावी नगरिएको (दावी छाडीएको):**

ग्राहकको हाते किताबमा सामान्य जानकारी र निर्देशन मात्र समेटिएको छ। यो हाते किताबमा मेक्सको प्रचलित नीति क्रियाकलाप, कार्यक्रम वारे ग्राहकलाई जानकारी प्राप्त गर्न र सम्झन सजिलो हुने अभिप्रायले प्रकाशन गरिएको हो । यो हाते किताव एक पूर्ण मार्ग निर्देशन हो र यसले पक्ष (ग्राहक) लाई ग्राहकको सवै प्रकारको वाधा कठिनाईलाई समाधान गर्दछ र सवै प्रकारको नीति र प्रक्रिया यसमा समेटिएको छ भनी हामी उत्तरदायि र सोका लागि दावी गर्दैनौ । यस हाते पुस्तकमा उल्लेख भएका विषयहरुका अतिरिक्त तपाईको कुनै जिज्ञाशा भएमा तपाईले ब्रोकरसँग सम्पर्क गर्नु पर्दछ ।

यसमा वर्णन गरिएको कार्य विधि, व्यवहार र नीतिहरु समय-समयमा समय सापेक्ष रुपले परिमार्जन र थपघट हुन सक्छन् । तपाईलाई सवै परिर्वतन, हेरफेर बारेको जानकारी मेक्स वेभ साईट www.mexnepal.com अथवा कारोवार स्थल  मार्फत् उपलब्ध गराईने छ । तथापी तपाई आफैले ब्रोकर मार्फत विद्यमान नीति कार्य विधि अध्यावधिक गर्नु तपाइको जिम्मेवारी हो ।

यदि यो ग्राहकको हाते किताब र मेक्सको नियम कानून बीच बेमेल भएमा मेक्सको नियम कानूनलाई मान्यता दिनेछ ।

---

**पक्ष (ग्राहक) को नयाँ हाते संस्करणका लागि कृपया मेक्स वेभसाइटमा हेर्न र सम्पर्क गर्नुहोला ।**

**www.mexnepal.com**

प्रस्तुत नेपाली हाते किताब बजार सहभागीहरुको सहजताका लागि मात्र उपलब्ध गराईएको हो । यसको अँग्रेजी संस्करण पनि उपलब्ध छ ।

# ग्राहकको हाते किताब २०१६

मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
शेष मार्ग, घर नं २५, चारखाल, डिल्लीबजार, काठमाडौं नेपाल
ईमेल: info@mexnepal.com वेवसाइट: www.mexnepal.com